# नलगाड नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## दल्ली, जाजरकोट
## कर्णालीप्रदेश, नेपाल

**आ.व.२०८०/२०८१ को लागि आन्तरीक आयतर्फको सिलबन्दी दरभाउ पत्र आह्वानको सूचना**

प्रथम पटक प्रकाशित मितिः२०८०/०५/१३ गते

**स्थानीय सरकार संचालन ऐन २०७४, को दफा ११ को उपदफा २ को खण्ड ध को उपखण्ड ६ व्यवस्था** भए बमोजिम यस नगरपालिकाको क्षेत्र भित्र पर्ने प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन अनुसार **ढुंगा, गिट्टी, बालुवा, रोडा तथा नदी जन्य पदार्थको उत्खनन, बिक्री तथा निकासी शुल्क संकलन (खानी क्षेत्र बाहेक)** कार्यको ठेक्का बन्दोबस्तबाट गर्नुपर्ने भएको हुँदा देहाय बमोजिमका खोला/नदीहरुको स्विकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदी जन्यपदार्थ उत्खनन गरी कर्णाली प्रदेश सरकारको आर्थिक विधेयक २०८० /२०८१ को अनुसूची-६ **मा उल्लेखित** प्रति ईकाइ दररेटमा बिक्री गर्ने गरी बढाबढको माध्यमबाट दरभाउ बोलपत्र आव्हान गर्नुपर्ने भएकाले ईच्छुक व्यक्ति/फर्म वा कम्पनीहरुले फर्म नविकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, आ.व.२०७८।०७९ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी तथा उक्त कार्य गर्न योग्य भएको सो घोषणा पत्र सहित तपसिल बमोजिमको शर्तहरुको अधिनमा रही उक्तबोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| ठेक्का नं. | संकलन/उत्खनन गरिने क्षेत्र/नाका | अधिकतम उत्खनन तथा बिक्री परिमाण (घ.फि.) | न्यूनतम ठेक्काअंक रु. (मू.अ.कर बाहेक) | बोल पत्र फाराम दस्तुर | कै. |
|---|---|---|---|---|---|
| NCB/SQ/NM/01/2080/081 | भिसापानी बैरितालतल्लो बगर नाका,भिसापानी बैरिताल माथिल्लो बगर नाका,भिमबगर नाका,बगर बस्ति नजिकको बगर नाका,घामाखेत नजिकको बगर नाका,औलगुर्मा नजिकको बगर नाका,औलगुर्मा माथिको बगर नाका,कालीमाटी बजार माथिको बगर नाका | १३१७४।८ | १३९५७३६।२ | रु.१००० | |

शर्तहरु :

१। **उल्लेखित ठेक्काको उत्खननकार्य आ.व.२०८०।०८१ को जेष्ठ मसान्त सम्मको लागि हुनेछ।**

२। राष्ट्रियस्तरको खुला सिलबन्दी दरभाउ पत्र खरिद गर्ने अन्तिम मिति २०८०।०५।२८ सम्म कार्यालय समय भित्र।

३। राष्ट्रियस्तरको खुला सिलबन्दी दरभाउ पत्र दर्ता मिति र स्थान२०८०।०५।२८ दिनको १२:०० बजे सम्म www.bolpatra.gov.np मा दर्ता गराउनुपर्नेछ।

४। राष्ट्रियस्तरको खुला सिलबन्दी दरभाउ पत्र खोल्ने मिति २०८०।०५।२८ दिनको २:०० बजे बोलपत्र दाता वा निजहरुले अख्तियारनामा दिई पठाएका प्रतिनिधिको रोहवरमा खोलिनेछ। तर राष्ट्रियस्तरको खुला सिलबन्दी दरभाउ पत्र दाता वानिजको प्रतिनिधि उपस्थित नभएपनी बोलपत्र खोल्नमा बाधा पर्नेछैन।

५। राष्ट्रियस्तरको खुला सिलबन्दी दरभाउपत्रपेश गर्ने र खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसको भोलीपल्ट कार्यालय खोल्ने दिन माथि उल्लेख गरिएको मिति र समयमा सिलबन्दी दरभाउपत्र पेश गर्ने र खोल्ने अन्तिम मिति कायम हुनेछ।

६। यस्तो अवस्थामा सिलबन्दी दरभाउपत्र र सिलबन्दी दरभाउपत्र जमानतको मान्य अवधिभने साविककै मिति देखी गणना गरिनेछ।

प्रमुख प्रशासकिय अधिकृत

७। राष्ट्रियस्तरको खुलासिलबन्दी दरभाउपत्र साथ जमानत धरौटी (बिडबन्ड) वापत आफूले कबोल गरेको अंकको ५ प्रतिशत दरले हुनआउने धरौटी रकम कम्तिमा ४५ दिन समय म्याद भएको,एन.आईसी एसिया बैंक लिमिटेडमा नलगाड नगरपालिका कार्यालयको नाममा जारी भएको धरौटी खाता नं N५CA०५२२३९५५२४०२ बमोजिमको बैंकमा जम्मा गरेको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंक बाट मान्यताप्राप्त बैंक बाट यस कार्यालयको नाममाजारी गरिएको सिलबन्दी दरभाउपत्रको मान्य अवधि भन्दा कम्तिमा ३० दिन बढी म्यादभएको सक्कल बिडबण्ड बुझाउनु पर्नेछ।

८। राष्ट्रियस्तरको सिलबन्दी दरभाउ पत्र बोलपत्रमा BoQ भर्दा कबोल रकम अंक र अक्षरमा स्पस्ट उल्लेख भएको गर्नुपर्नेछ (यदि अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ।

९। सिलबन्दी दरभाउ पत्रफारम दस्तुर बराबर को रकम नलगाड नगरपालिकाकार्यालयको नाममा रहेको एन.आईसी एसिया बैंक लिमिटेड को राजस्व खाता नं २३५२०५००२९१८२००२ मा जम्मा गरी स्क्यानकपी सिस्टममा अपलोड गर्नुपर्ने छ।

१०। एक फर्मको नाम बाट खरिद गरिएको राष्ट्रियस्तरको खुलासिलबन्दी दरभाउपत्रअर्को फर्मको नाममाप्रयोग गर्न पाइने छैन।

११। कार्यालयको छाप लागेको र अधिकार प्राप्त व्यक्तिको सही भएको सक्कलै राष्ट्रियस्तरको खुलासिलबन्दी दरभाउपत्रबाहेक अन्य राष्ट्रियस्तरको खुलासिलबन्दी दरभाउपत्रलाई मान्यता दिईने छैन।

१२। राष्ट्रियस्तरको खुलासिलबन्दी दरभाउपत्रमा कुनै त्रुटि हुन गएमा त्रुटि सुधार तथा संशोधन गर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ। कुनै वा सबै राष्ट्रियस्तरको सिलबन्दी दरभाउपत्र, पुरै वा आंशिक रुपमा स्विकार गर्ने वा अस्विकार गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

१३। राष्ट्रियस्तरको खुलासिलबन्दी दरभाउ पत्रदाताले राष्ट्रियस्तरको खुलासिलबन्दी दरभाउ पत्रमा मूल्यअभिवृद्धि कर बाहेकको दररेट उल्लेख गर्नुपर्नेछ।

१४। राष्ट्रियस्तरको खुलासिलबन्दी दरभाउपत्रदर्ता गर्ने फर्महरुले कामको स्तर र कामको विवरण र सिलबन्दी दर भाउपत्र फारमका ठेक्काका शर्तहरु सम्बन्धमा राम्रो सँग पढी बुझी राष्ट्रियस्तरको खुलासिलबन्दी दरभाउपत्र भरेको मानिनेछ।

१५। राष्ट्रियस्तरको खुलासिलबन्दी दरभाउपत्रकर्ताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको,प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा कुनै सजाय नपाएको भनी लिखित रुपमा घोषणा गरेको कागजात बोलपत्रफाराम साथ पेश गर्नुपर्नेछ।

१६। म्याद नाघी आएको वा रित नपुगेको वाकुनै शर्त राखी पेश गरेको राष्ट्रियस्तरको खुलासिलबन्दी दरभाउपत्रउपर कुनै कारबाही हुनेछैन।

१७। राष्ट्रियस्तरको खुला सिलबन्दी दरभाउपत्र सम्पूर्ण कुराहरु यसमा लेखिए बमोजिम र यसमा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन २०६३ को पहिलो संशोधन सहित सार्वजनिक खरिद नियमावली २०७३ तथा नेपालको संघिय र कर्णाली प्रदेश सरकारका अन्य ऐन नियम कार्यविधि बमोजिम हुनेछ।

१८। राष्ट्रियस्तरको खुलासिलबन्दी दरभाउ पत्र स्विकृत भएमा सो को सूचना पाएको वा कार्यालयमा सूचना टाँस भएको मितिले ७ (सात) दिनभित्र मू.अ.कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ता वापत ५० प्रतिशतले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ। दोश्रो किस्तावापत ५० प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंक बाट इजाजत प्राप्त (फरफरमेन्स बण्ड जारी गर्न सक्ने बैंकहरु) बाट यस कार्यालयको नाममा २०८१ असारमसान्त सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी समेत पेश गरी पट्टा उठाउनुपर्नेछ। साथै ठेक्का कबोल गर्ने व्यक्ति वा फर्मले आफुले कबोल गरेको अंक सेवा,शुल्क वापत जम्मा हुन आउने रकमको नियमानुसार थप १३% भ्याट समेत यस कार्यालयमा बुझाउनु पर्नेछ।

१९। तोकिएको म्याद भित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार ठेक्का बन्दोवस्तो गरिनेछ।

२०। गत विगत वर्षमा यस नगरपालिकालाई ठेक्का रकम तिर्न बाँकी बक्यौता रहेको फर्म वा कम्पनीले यो सूचना बमोजिमको ठेक्का प्रकृयामा भाग लिन पाउने छैन।

२१। यस सम्बन्धी विस्तृत विवरणका लागि नगरपालिकाको वइब साइट www.nalgaadmun.gov.np र www.bolpatra.gov.np /egp मा हेर्न सकिनेछ अथवा नगर कार्यपालिकाको कार्यालयमा सम्पर्क गर्नुपर्नेछ।

प्रमुख प्रशासकीय अधिकृत